बैठक नं. ७५
आ.व.२०८२।०८३

मिति :२०८२।१२।०५
समय :दिउँसो १:००बजे
स्थान:नगरपालिकाको कार्यालय

आज मिति २०८२।१२।०५गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको बैठक वसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत
२) नगर उप–प्रमुख श्री गुलिया कुमारी चौधरी
३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा
४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी
५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम
६) वडा नं. ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही
७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक बहादुर चन्द
८) वडा नं. ६ वडा अध्यक्ष श्री धन बहादुर चौधरी
९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा
१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद
११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह
१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार
१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी
१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी
१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार
१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा
१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा
१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवीसरा भण्डारी
१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.
२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.
२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली
२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार
२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी

घोडाघोडी नगरपालिकाको आ.व.२०८२।०८३ बैठक नं ७५ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णयहरु

बैठक मिति : २०८२।१२।०५ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर रावत

| |
|---|
| प्रस्तावहरु :<br>१) नदिजन्य पदार्थको बिक्रि कर संकलन सम्बन्धमा ।<br>२) रामजानकी समिल तथा काष्ठ प्रशोधन उद्योगको रकम फिर्ता गर्ने सम्बन्धमा ।<br>३) नदिजन्य पदार्थको प्रारम्भिक वातावरणीय परीक्षण (IEE )गर्ने सम्बन्धमा ।<br>४) विद्यालयमा गुनासो सुनुवाई कार्यविधि निर्माण सम्बन्धमा ।<br>५) प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने राजश्व रकम सम्बन्धमा ।<br>६) भूमि आयोगको कामकाज सम्बन्धमा ।<br>७) गरिब घर परिवार तथा परिचयपत्र वितरण कार्यक्रम सम्बन्धमा ।<br>८) घोडाघोडी नगरपालिकाको हेभि इक्युपमेन्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ सम्बन्धमा ।<br>९) विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यका लागि कार्यदल गठन सम्बन्धमा ।<br>१०) विविध । |
| निर्णयका कानुनी आधार : स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सम्बद्ध ऐन कानुनहरु |
| निर्णयहरु :<br>निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस घोडाघोडी नगरपालिकाको आ.व.२०८२।०८३ को नदिजन्य पदार्थको उत्खनन् संकलनको मिति २०८२।०४।०४मा ३० दिने ठेक्का आवहान भएकोमा प्रथम पटकमा ठेक्का नगएकोले नदिजन्य पदार्थको परिमाण घटाई वाकि रहने परिमाण संकलनका लागि पुन:बोलपत्र आह्वान गर्न राजश्व परामर्श समितिको वैठकबाट सिफारिस भइ पुन: ३० दिने ठेक्का आह्वान भएकोमा कान्द्रा नदि वाहेकका नदिहरु ठेक्का प्रक्रियामा नगएकोले ठेक्कामा नगएका नदिहरुको १५ दिन र ७ दिने सुचना समेत प्रकाशन गर्दा कुनै पनि ठेकेदार कम्पनीले उक्त ठेक्का प्रकृयामा भाग नलिएको कारण नगरपालिकाको आन्तरिक आयमा प्रत्यक्ष असर परेको र नदिजन्य पदार्थ निकाल्न खोलाहरु नखुल्दा विकास निर्माण तथा नगरवासीका घर निर्माण लगायतका काममा बाधा परिरहेको, पुन: बोलपत्र प्रक्रियामा जाँदा समय धैरै लागि उत्खनन गर्न पाउने अन्तिम समय जेठ मसान्त सम्मनै व्यतित हुने देखिएकोले हाललाई कुनै निर्माण व्यवसायी तथा व्यक्ति ,नागरिकलाई नदिजन्य पदार्थको आवश्यक भएमा कन्द्री,टेङ्गना,डोडा र झिङ्गेझाला नदिहरुमा रहेका घाटगद्धीहरुमा सम्बन्धित वडाबाट राजश्व रसिद काट्ने व्यवस्था मिलाइ नदिजन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो । |
| निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा रामजानकी समिल तथा काष्ठ प्रशोधन उद्योगले यस नगरपालिकामा रकम जम्मा गर्दा रु १०१५२७ जम्मा गर्नु पर्नेमा भुलवस ४९०,००० रकम जम्मा भएकोले वढी हुन आएको रकम रु ३,८८,४७३ फिर्ता गरि पाउँ भनि निवेदन पेश गरेकाले उक्त वढी जम्मा हुन आएको रकम फिर्ता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । |
| निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा प्रत्येब २/२ वर्षमा नदिहरुको IEE गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम यस नगरपालिकाको क्षेत्रभित्र पर्ने कान्द्रा, कन्द्री,टेङ्गना,डोडा र झिङ्गेझाला लगायतका नदि खोलाहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन र बिक्री वितरणका लागि आगामी आर्थिक वर्षहरुको ठेक्का बन्दोबस्त गर्नु अघि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयार गर्नुपर्ने भएकोले उक्त नदिहरुको IEE गर्नको लागि स्वीकृत परामर्श खर्च शीर्षकबाट खर्च गर्ने गरि IEE गराउनका लागि कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो । |
| निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा रहेका विद्यालहरुको गुणस्तर अभिवृद्धि गर्न र विद्यार्थी माथि हुने दुर्व्यवहार तथा लैङ्गिक हिंसा न्युनिकरण गर्न विद्यालयमा गुनासो सुनुवाइ कार्यविधि निर्माण गर्नु पर्ने भएकोले सो कार्यविधि तयार गर्ने र नगरपालिकाको लागि आवश्यक पर्ने विषयगत क्षेत्रगत ऐन,नियम कार्यविधि निर्देशिका लगायतका कानुनहरुको निर्माण गर्ने निर्णय गरियो । |